# न्याय सेवा आयोग

## परीक्षा महाशाखाको सूचना

### जिल्ला न्यायाधीशको आन्तरिक खुला, खुल्ला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना प्रकाशन मितिः २०८३।०६।०७

नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम देहायको समूहमा जिल्ला न्यायाधीशको पदमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नको लागि योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | समूह | माग पद संख्या | लिखित परीक्षा कार्यक्रम मिति र समय | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र (विधिशास्त्र, संवैधानिक कानून र कानून प्रणाली) | द्वितीय पत्र (देवानी कानून र देवानी कार्यविधि कानून) | तृतीय पत्र (फौजदारी कानून र फौजदारी कार्यविधि कानून) | चौथो पत्र (मिसिल अध्ययन र समस्या समाधान) | | |
| | | | | | | | खण्ड (क) फैसला लेखन (१ घण्टा ४५ मिनेट) | खण्ड (ख) आदेश लेखन (४० मिनेट) | खण्ड (ग) समस्या समाधान (३५ मिनेट) |
| १. | ०००१/०८३-८४ | आन्तरिक खुला | २ | २०८३।०८।०१ दिनको १:०० बजे | २०८३।०८।०२ दिनको १:०० बजे | २०८३।०८।०३ दिनको १:०० बजे | २०८३।०८।०४ दिनको १:०० बजे | | |
| २. | ०००२/०८३-८४ | खुल्ला | १ | | | | | | |
| ३. | ०००६/०८३-८४ | दलित | १ | | | | | | |

परीक्षाको किसिमः- लिखित र अन्तर्वार्ता।

परीक्षा केन्द्रः- परीक्षा काठमाडौं उपत्यकामा मात्र लिइने र केन्द्रहरू पछि सूचनाद्वारा प्रकाशन गरिनेछ।

परीक्षा दस्तुरः- आन्तरिक खुलाको लागि रु.२०००।-(दुई हजार), खुल्लाको लागि रु. २०००।- (दुई हजार) र प्रत्येक समावेशी समूहका लागि थप रु. ५००।- (पाँच सय) थप दस्तुर बुझाउनु पर्नेछ। दस्तुर राष्ट्रिय वाणिज्य बैंकको राजस्व खाता नं १०००२०००१००००, कार्यालय कोडः २१८००३५०१ र राजस्व शिर्षक नं. १४२२४ (परीक्षा दस्तुर) मा राष्ट्रिय वाणिज्य बैंकको जुनसुकै शाखाबाट बुझाउन सकिनेछ।

दरखास्त फाराम बुझाउने स्थानः- न्याय परिषद सचिवालय, रामशाहपथ।

दरखास्त दिने अन्तिम मितिः- विज्ञापन सूचना प्रकाशन भएको मितिले ३० दिन र दोब्बर दस्तुर तिरी थप ७ दिन सम्म।

अन्तर्वार्ता हुने मितिः- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

तलबः- प्रचलित स्केल बमोजिम ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- जिल्ला न्यायाधीशलाई प्रचलित कानून बमोजिम तोकिएको काम।

आवश्यक न्यूनतम योग्यता र अनुभवः- नेपालको संविधानमा तोकिए बमोजिम।

द्रष्टव्यः

१. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारको हकमा जिल्ला न्यायाधीश पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पुरा भएको हुनुपर्नेछ । दोब्बर दस्तुरको म्यादलाई शैक्षिक योग्यता, अनुभव र सेवा अवधि तथा अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

२. न्याय सेवा आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

३. लिखित परीक्षामा सहयोगी माग गर्ने उम्मेदवारले विशेष परिस्थिति परेको अवस्थामा बाहेक परीक्षा शुरु हुनु भन्दा दश दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ।

४. आन्तरिक खुला, खुला र समावेशी तर्फको परीक्षा संयुक्त हुनेछ। अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा आन्तरिक खुला, खुल्ला र समावेशी समूहतर्फ एकमुष्ठ रुपमा वर्णानुक्रमका आधारमा प्रकाशन हुनेछ र अन्तर्वार्ता एकै पटक लिइने र एकमुष्ठ योग्यताक्रम प्रकाशन गरिनेछ।

५. आन्तरिक खुला, खुल्ला र समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरुले दरखास्तसाथ दरखास्तको महलमा उल्लिखित विवरणहरु प्रमाणित गर्ने प्रमाणपत्रहरुको प्रतिलिपिहरु र सम्बन्धित निकायमा कार्यरत उम्मेदवारहरुले सोही निकायबाट र अन्य उम्मेदवारहरुले नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

६. आन्तरिक खुलातर्फ दरखास्त पेश गर्न चाहने उम्मेदवारले नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) बमोजिम न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको अनुभव भएको बेहोरा आफू कार्यरत निकायको प्रमुखबाट दरखास्तको तोकिएको महलमा प्रमाणित गरिएको हुनु पर्नेछ।

७. खुल्लातर्फ दरखास्त पेश गर्न चाहने उम्मेदवारले नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम न्याय सेवाको राजपत्रांकित पदमा कम्तीमा आठ वर्ष काम गरेको अनुभव भएको बेहोरा आफू कार्यरत रहेको निकायको प्रमुखबाट दरखास्तको तोकिएको महलमा प्रमाणित गरिएको हुनुपर्नेछ।

८. खुल्लातर्फ दरखास्त पेश गर्न चाहने कानूनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेको वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा कम्तीमा आठ वर्ष काम गरेका उम्मेदवारहरूले त्यस्तो काम गरेको अनुभवको विवरण दरखास्तको तोकिएको महलमा उल्लेख गरी अधिवक्ताको हकमा नेपाल कानून व्यवसायी परिषदबाट प्रमाणित गराई तथा अन्यको हकमा सम्बन्धित निकाय वा संस्थाको प्रमुखबाट प्रमाणित गराई त्यस्तो अनुभवको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि "काम गरेको अनुभव" भन्नाले कानूनमा स्नातक उपाधि हासिल गरेपछि प्राप्त अनुभवलाई जनाउँछ । साथै "कानूनको अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा कम्तीमा आठ वर्ष काम गरेको अनुभव" भन्नाले अधिकृतस्तरमा काम गरेको अवधिलाई बुझ्नु पर्छ।

९. एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिने छ।

१०. नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्न उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

न्याय सेवा आयोग २०२४

११. एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

१२. सहायक स्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।

१३. लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरूले अन्तर्वार्ता दिनु अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशीतर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नु पर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरूको सक्कलका साथै नक्कल प्रतिलिपिसमेत अनिवार्य रूपमा पेश गर्नुपर्ने छ।

१४. उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने समूहहरूको विवरण निर्धारित ढाँचामा अनिवार्य रूपमा खुलाउनु पर्नेछ । अन्यथा परीक्षामा समावेश गराइने छैन ।

१५. दरखास्त दिने उम्मेदवारले विदेशी संस्थामा अध्ययन गरेको भएमा सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्ने छ ।

१६. परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

१७. परीक्षा फाराम र पाठ्यक्रम आयोगको वेबसाइट https://jcs.gov.np/category/vacancy-of-district-judge/ बाट प्राप्त गर्न सकिने छ।

**समावेशी समूहतर्फ दरखास्त दिँदा उम्मेदवारले पेश गर्नुपर्ने थप कागजातहरू**

समावेशी समूहतर्फका विज्ञापनहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू संलग्न गरी दरखास्त दिनुपर्ने छ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लिखित कागजातहरू नभएमा जुनसुकै समयमा दरखास्त फाराम रद्द हुनेछ।

१. दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,


तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

# अनलाईन राजस्व बुझाउने तरिका


## चरण १: ब्राउजरमा revenue.fcgo.gov.np साईट खोल्नुहोस्

। वेबसाइट खुलेपछि देखिने प्रारम्भिक पृष्ठमा देखिएको **Sign Up** Button मा क्लिक गर्नुहोस।

यदि पहिले नै प्रयोगकर्ता आईडी बनेको भए । Username, Password Type गरेर Sign in मा क्लिक गर्नुहोस ।





## चरण २: Mobile Number प्रविष्ट गर्नुहोस र Verify Mobile Number मा क्लिक गर्नुहोस्।





## चरण ३: प्रयोगकर्ता खाता विवरण राख्ने

मोबाइल नम्बर Verify गरेपछि **Username** मा PAN Number राख्नुहोस्। नयाँ **Password** राख्नुहोस् र सोही Password लाई **Re-enter Password** मा पुनः राख्नुहोस् र **Register** Button मा क्लिक गर्नुहोस ।



## चरण ४: OTP प्रमाणीकरण

दर्ता गरिएको मोबाइल नम्बरमा प्राप्त OTP कोड सम्बन्धित बाकसमा राख्नुहोस् र Verify OTP मा क्लिक गर्नुहोस्।




## चरण ५: प्रणालीमा Sign in गर्ने

दर्ता प्रक्रिया पूरा भएपछि Login/Sign in पृष्ठमा जानुहोस्। Username मा आफ्नो PAN Number र Password मा दर्ताका क्रममा राखेको Password प्रविष्ट गर्नुहोस्। त्यसपछि Sign In मा क्लिक गर्नुहोस् र प्रयोगकर्ता विवरण भर्नुहोस । सेभ गर्नुहोसमा क्लिक गर्नुहोस ।






## चरण ६: नयाँ भौचर मा क्लिक गर्नुहोस र त्यसपछि **संघीय सरकार** मा क्लिक गर्नुहोस ।





## चरण ७: कार्यालय खोजी तथा छनोट गर्ने

कार्यालय अवस्थित रहेको जिल्ला **काठमाडौं** Search गर्नुहोस र कार्यालय Search गर्नुहोस **न्याय परिषद सचिवालय** र सचिवालयको दायाँ रहेको बटनमा क्लिक गरेर **नयाँ** मा क्लिक गर्नुहोस ।




## चरण ८ : रसिद/भौचर विवरण प्रविष्ट गर्ने

रसिद विवरणहरू: बैंक **राष्ट्रिय वाणिज्य बैंक**, उद्देश्य **अन्य**, राजस्व शिर्षक **14224- परिक्षाशुल्क, विवरणमा बढुवा सूचना नं.** प्रविष्ट गर्नुहोस । **रकम** न्याय सेवा आयोगको बढुवा सूचनामा उल्लेख भए बमोजिम प्रविष्ट गरी कर वर्ष **2083/84** छनोट गर्नुहोस र **Next** Button मा क्लिक गर्नुहोस ।



**चरण ९:** पूर्वावलोकन खण्डमा विवरण सहि भए । **सेभ गर्नुहोस & भुक्तानी गर्नुहोसमा** क्लिक गर्नुहोस ।





**Pay Now** मा क्लिक गर्नुहोस र **रकम भुक्तानी गर्ने विकल्प मध्ये कुनै एक छनोट गरेर भुक्तानी गर्नुहोस ।**







## चरण:१०

भुक्तानी गरिसकेपछि भुक्तानी गरिएको भौचर हेर्न । **भुक्तानी गरिएको भौचरमा** क्लिक गर्नुहोस । र **प्रिन्ट चिन्हमा** क्लिक गरेर प्रिन्ट गर्नुहोस ।




**थप जानकारीका लागी न्याय परिषद सचिवालयमा सम्पर्क गर्नुहोस ।**

**info@jcs.gov.np । ०१-४२००७७७**